१२. विवाहमा फजुल खर्च रोक्नेः— विवाहमा २५ जवानभन्दा बढी जन्ती लैजान र ५०० भन्दा बढी खर्च गर्न हुँदैन। यस ऐनको विरुद्ध आचरण गर्नलाई रु ५०० देखि ५००० सम्म दण्ड हुन्छ।

## उद्देश्य र कारणहरूको विवरण

विवाह भनेको जीवनको सबैभन्दा महत्वपूर्ण घटना हो। तर, हाम्रा देशमा वैवाहिक व्यवस्था अत्यन्त दोषपूर्ण छ। जस्ले महिलाहरूको गौरवमा धक्का पुर्‍याएको छ र समाजमा अनेक दुराचार फैली समाज र देशको नैतिक आधार नै खलबलिएको छ।

समाजको चारित्रिक स्तर उच्चा उठाउन र बहुविवाह आदिद्वारा महिलाहरू उपर हुन अत्याचार अन्याय भइरहेको छ। त्यसलाई रोक्नु अत्यन्त आवश्यक भएकोले यो बिल यस सभाको समक्ष पेश गरिएको छ।

आज्ञाले—
डु.लशेखर शर्मा,
सेक्रेटरी—सल्लाहकार सभा सचिवालय.

## पब्लिक सर्भिस कमिशनको सूचना

११८६

उमेदवारले दिइने दरखास्तहरूमा प. स. क. लाई चाहिने जति कुरा पर्याप्त तथा एकनाशको होस् भन्ने हेतुले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) सबै उमेदवारहरूलाई विनामूल्य वितरण गरिएको छ। जहाँ प.स.क. बाट सोझै दरखास्त फाराम पठाउदा धेरै समय लाग्न जान्छ। त्यहाँका निमित्त दरखास्त फाराम-सुलभं होस् भन्ने विचारले प्रत्येक माल गढी गौंडा गोश्वारा र हुलाकमा एक एक प्रति नमूना पठाइदिएको छ। सो नमूनाबमोजिम सादा कागतमा लेखी भरी पठाए पनि हुने गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर जुन उद्देश्यले प.स.क. ले दरखास्त फाराममा उमेदवारको दरखास्त भराएर लिन चाहेको हो, सोबमोजिम धेरैजसो उमेदवारले दरखास्त फाराममा पूरा पूरा नभरेको र कैयन् दफाको जवाबै नभरेको देखियो। यस्तो अपूरो भराइबाट जान्नपर्ने कुरा जान्न नपाई कमिशनलाई अपठ्यारो मात्र हुने होइन कि उमेदवारहरूकै हानि हुने प्रत्यक्ष छ। अपूरो भरिएको दरखास्त स्वीकृत नहुने भएकोले दरखास्त फारामको प्रत्येक दफा राम्ररी रीतपूर्वक भरेर पठाउनाका निमित्त उमेदवारहरूलाई सूचना गर्ने काम भएको छ।

उमेदवारहरूको जानकारीका निमित्त दरखास्त फाराम भर्दा याद राख्नुपर्ने केही कुरा तपसीलमा दिइएको छ।

१. दरखास्त फाराम प.स.क. नं १ (२०१०) मा दिइएका दफाहरूमध्ये कुनै पनि बेमतलबसित राखिएको छैन। अतएव सबै भरिन पर्दछ। कुनै दफामा केही लेख्ने विषय नभएमा नकारात्मक गुणन चिन्ह (×) लेख्नुपर्दछ।

२. जन्मको मिति लेख्ने दफामा उमेर खुलेको एस्.एल्.सी म्याट्रिक इत्यादि पास गरेको अथवा जनसंख्याको सर्टिफिकेट, सो नभए जन्म—पत्रिका इत्यादि विश्वसनीय प्रमाणको नक्कल पेश गर्नुपर्छ।

३. नागरिकताको दफामा नेपालको नागरिक भएमा नेपाल नागरिकता ऐनको कुनै दफाले नेपाली नागरिक हुनुहुन्छ? नागरिकता ऐनको ठीक दफाको अङ्क र उपदफा भए सोसमेत खोली लेख्नुपर्छ।

४. शिक्षासम्बन्धी योग्यताका दफामा कसै कसैले आफूले सबभन्दा माथिल्लो उत्तीर्ण भएको परीक्षा मात्र उल्लेख गरेको देखियो। दरखास्तको यस दफामा नेपाली मध्यमा एस्. एल. सी. संस्कृत मध्यमा अथवा तीसरहका हिन्दी परीक्षा तथा सोभन्दा उच्च शिक्षा प्राप्त भएको भए समयको क्रम मिलाएर आफू उत्तीर्ण भएका सबै परीक्षाको बेहोरा दिनुपर्छ।

५. आफ्नो चरित्रसम्बन्धी प्रशंसापत्र कसैबाट प्राप्त गरिएका छन् भने तिनका रीतपूर्वकका नक्कल पेश गर्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आफूले गरिआएको कामको बयान आदिदेखि अन्तसम्म समयको क्रम मिलाएर छोटकरीमा दिनुपर्छ ।

७. दफा दफामा पेश गर्नुपर्ने भनी लेखिएको आफूले पाएको योग्यता प्रशंसा इत्यादिका प्रमाणपत्रका नक्कलमा सक्कलबमोजिम नक्कल दुरुस्त छ भनी सहि गरी सो नक्कलहरू दरखास्तसाथ पेश गर्नुपर्छ ।

८. सरकारी जागीरमा बहाल रहेका जागीरदारले आफ्ना हाकिममार्फत र हाकिमले चाहिं आफ्नो दरखास्त तैनाथवालामार्फत पठाउनुपर्छ ।

आज्ञाले,
खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २६

३–१०–०११

स्वास्थ्यमन्त्रालय–अन्तर्गत बीर फिमेल अस्पतालका निमित्त एक जना लेडी डाक्टर चाहिएको छ। उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल फाल्गुन ३० गते रोज १ सम्ममा पुग्ने गरी तलको ठेगानामा दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः— लेडी डाक्टर, गजेटेड स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः—एम्. बी. बी. एस्. ।

३. अभ्यास अवधिः—६ महिना ।

४. मासिक तलब स्केलः—रु. १८०–३६० नेपालीलाई । अनेपालीले स्वीकार्य निम्नतम तलब स्केल अंकित गर्नुपर्छ ।

१२२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मासिक महँगी भत्ताः—रु २०

६. विशेष सहूलियतः— अनेपाली भएमा नसजिएका फ्री क्वार्टर्स वा क्वार्टर नपाएमा घर भाडा मासिक मोरु ५०। दिइनेछ।

आज्ञाले—
खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरवार काठमाडौं नेपाल,

## कानूनमन्त्रालयको सूचना।

### भूल—सुधार

०६ सालमा दोस्रा पटक छापिएको मुलुकी ऐन चौथा भागको गाली बेइजती महलको ४ नं. को पाँचौं हरफमा 'कैदै' लेख्नुपर्नेमा 'कैद' भन्ने लेखी छापिएको र शुद्धाशुद्धिमा समेत सो भूल छुट्न गएकोले भूल—सुधार गरिएको छ।

आज्ञाले—
तिलकशमशेर,
सेक्रेटरी—कानूनमन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।